नेपाल सरकार
# युवा तथा खेलकुद मन्त्रालय
(..................................शाखा)

पत्र संख्या :
चलानी नं. : १२०३

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८१।३।५
ने.सं. ११४४ तछलाध्व द्वादशी, बुधवार

युवा तथा खेलकुद मन्त्रालय तथा अन्तर्गतका निकायबाट मिति २०८१/२/२७ देखि २०८१/२/३२ सम्म सम्पादन भएका मुख्य-मुख्य काम कारबाहीको विवरणः-

१. माननीय युवा तथा खेलकुद मन्त्रीज्यू, मन्त्रालयका सचिव र राष्ट्रिय खेलकुद परिषद्का पदाधिकारीद्वारा आगामी मंसिरमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुदको तयारीका सन्दर्भमा कर्णाली प्रदेशको सुर्खेतमा निर्माण हुदै गरेका खेल पूर्वाधारहरुको अवलोकन निरीक्षण गरिएको। साथै कर्णालीका माननीय मुख्यमन्त्री सहित विभिन्न सरोकारवालासँग दशौं राष्ट्रिय खेलकुद तयारीका विषयमा छलफल गरिएको।
२. मिति २०८१/२/२७ गते कर्णाली प्रदेशको सूर्खेतमा र मिति २०८१/०२/२९ गते सुदुरपश्चिम प्रदेशको धनगढीमा राष्ट्रिय खेलकुद नीतिको मस्यौदा उपर राय सुझाव संकलन कार्यशाला गोष्ठी सम्पन्न गरेको ।
३. युवा सम्बन्धी कार्यक्रमको विषयमा संघ, प्रदेश र स्थानीय तह समन्वय र सहजीकरण गोष्ठी सम्पन्न गरिएको।

राष्ट्रिय खेलकुद परिषद्बाट सम्पादन भएका कामहरुः-

१. छैटौं एसियाली विश्वविद्यालय थ्री एक्स थ्री बास्केटबल प्रतियोगितामा सहभागी हुन ४ पुरुष खेलाडीसहित ५ सदस्यीय नेपाली टोली चीनको झौसन प्रस्थान भएको छ।
२. मिसन २०२६ अन्तर्गत विशेष प्रशिक्षणमा रहेका १० खेलका १०२ जना खेलाडी तथा प्रशिक्षकहरुलाई योगा कक्षा सन्चालन गरिएको छ।
३. नेपालमा पहिलो पटक यू-१५ जुनियर विद्यालय खेलकुद प्रतियोगिता पोखरा रंगशालामा आयोजना गरिएको।

राष्ट्रिय युवा परिषद्बाट सम्पादन भएका कामहरुः-

१. भिमदत्त नगरपालिकामा सहुलियतपूर्ण कर्जाका लागि वित्तीय साक्षरता तालिम सञ्चालन गरिएको।
२. नमूना प्रदेशसभा अभ्यास कार्यक्रम कर्णाली प्रदेशमा सम्पन्न गरिएको।
३. युवा प्रतिभालाई लक्षित गरी राष्ट्रव्यापी गायन प्रतियोगिता सम्पन्न गरिएको।

फोन नं.:- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४५ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ (आ.प्र.)
फ्याक्स नं.:- ४२०००३२, इमेलः info@moys.gov.np, वेभसाइटः www.moys.gov.np

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(.............................................शाखा)

पत्र संख्या : ०७७/७८
चलानी नं. युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट सम्पादन भएका कामहरुः-

सिंहदरबार, काठमाडौं
नेपाल ।

१. कोषमा स्वरोजगार थोक कर्जा माग भएका सहकारी संस्थाहरु मध्ये कर्जा स्वीकृत भएका ४६ वटा सहकारी संस्थाहरुमा प्रथम किस्ता निकासाको लागि कर्जा सम्झौता भएको ।

२. कोषबाट थोक कर्जा लगानी गरी भाखा नाघेको कर्जा मध्ये रु १२,५०,०००/ (अक्षेरेपी बाह लाख पचास हजार मात्र) असूलउपर गरिएको ।

३. स्वरोजगार कर्जा लगानी भएका ५० जना ऋणीहरुको बीमा गरिएको ।

०८१।३।५

लेखनाथ न्यौपाने
उपसचिव/सूचना अधिकारी

फोन नं.:- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४५ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ (आ.प्र.)
फ्याक्स नं.:- ४२०००३२, इमेल: info@moys.gov.np, वेभसाइट: www.moys.gov.np